(7)

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

प्रेस विज्ञप्ति

काठमाडौं, कार्तिक १९ । मिति : २०७६।७।१९

मनोनयनपत्र दर्ता सम्बन्धमा

सम्वत् २०७६ साल मंसीर १४ गते शनिवारका दिन हुन गइरहेको प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तहको उपनिर्वाचनको सन्दर्भमा मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र जिल्ला निर्वाचन अधिकारीहरुको लागि उपनिर्वाचन संचालन तथा व्यवस्थापन विषयमा प्रशिक्षण कार्यक्रम मिति २०७६।७।१४ र १५ गते एकैसाथ विराटनगर, ललितपुर र नेपालगञ्जमा सम्पन्न भएको छ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य उपनिर्वाचनको लागि मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालय मिति २०७६।७।१७ गते सम्बन्धित जिल्ला सदरमुकाममा स्थापना भैसकेको र स्थानीय तहको उपनिर्वाचनको लागि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय सम्बन्धित स्थानीय तहको केन्द्रमा मिति २०७६।७।२० गते स्थापना हुँदैछ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको हकमा मिति २०७६।७।२१ गते विहान १०:०० बजे देखि दिउँसो १:०० बजे सम्म मुख्य/निर्वाचन अधिकृतको कार्यालय, जिल्लाको सदरमुकाममा र स्थानीय तह को हकमा मिति २०७६।७।२७ गते विहान १०:०० बजे देखि दिउँसो १:०० बजेसम्म मुख्य/निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने कार्यक्रम रहेको छ। उम्मेदवारले मनोनयनपत्र दर्ता गर्दा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको लागि प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य उपनिर्वाचन निर्देशिका, २०७६ को दफा २२ को अनुसूची-५ र स्थानीय तह को लागि स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ५ को अनुसूची-१ बमोजिमको ढाँचामा मनोनयनपत्र दाखिला गर्नु पर्नेछ ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको हकमा **मनोनयनपत्र** साथ देहायका कागजात संलग्न गर्नु पर्नेछ :-

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि/निर्वाचन आयोगबाट जारी भएको मतदाता परिचयपत्रको प्रतिलिपि,

(२) ......... गाउँपालिका/नगरपालिकाको .... वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,

(३) ....................नामको राजनीतिक दलले प्रदान गरेको उम्मेदवार मनोनयनको औपचारिकपत्र (राजनीतिक दलको उम्मेदवारको हकमा),

(४) प्रतिनिधि सभा सदस्यको लागि रु. १०,०००।-(अक्षररुपी दशहजार) र प्रदेश सभा सदस्य को लागि रु. ५,०००।- (अक्षररुपी पाँचहजार) धरौटी राख्नुपर्ने,

(५) मतदाता नम्बर : ..............


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

निर्वाचन आयोग नेपाल २०२३

प.सं. च.नं./Ref:

(६) सम्पत्ति विवरण :

(क) घर सङ्ख्या :

(ख) घर रहेको स्थान :

(ग) जग्गाको विवरण (जिल्ला, गाउँपालिका/नगरपालिका, वडा नं, कि.नं., क्षेत्रफल):-

(७) प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको पदमा उम्मेदवारी दिँदा कुनै लाभको पद वा निर्वाचित पदमा वहालवाला पदाधिकारी भए निजले वहाल रहेको पदबाट राजिनामा दिएको दर्ताको निस्सा ।

स्थानीय तहका अध्यक्ष/उपाध्यक्ष/प्रमुख/उपप्रमुख/वडा अध्यक्ष पदको हकमा **मनोनयनपत्र** साथ देहायका कागजात संलग्न गर्नु पर्नेछ :-

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा (वडा अध्यक्ष पदको लागि),

(३) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कुनै वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा (अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखको लागि),

(४) ....................नामको राजनीतिक दलले प्रदान गरेको उम्मेदवार मनोनयनको औपचारिकपत्र (राजनीतिक दलको उम्मेदवारको हकमा),

(५) स्थानीय तहको अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखको लागि रु. १,५००।- (अक्षररुपी एकहजार पाँचसय) र वडा अध्यक्ष पदको लागि रु. १,०००।- (अक्षररुपी एकहजार) धरौटी राख्नुपर्ने,

(६) मतदाता नम्बर :- ..............

(७) सम्पत्ति विवरण

(क) घर संख्या :-

(ख) घर रहेको स्थान :-

(ग) जग्गाको विवरण (जिल्ला, गाउँपालिका/नगरपालिका, वडा नं, कि.नं., क्षेत्रफल) :-

(८) अध्यक्ष/उपाध्यक्ष/प्रमुख/उपप्रमुख/वडाध्यक्षको पदमा उम्मेदवारी दिँदा कुनै लाभको पद वा निर्वाचित पदमा वहालवाला पदाधिकारी भए निजले वहाल रहेको पदबाट राजिनामा दिएको दर्ताको निस्सा ।

अन्त्यमा, उपनिर्वाचन स्वच्छ, स्वतन्त्र निष्पक्ष र विश्वसनीय रुपमा सम्पन्न गर्ने/गराउने कार्यमा सबैको सहयोग र सहभागिताको लागि समेत अनुरोध छ ।

०८१।०।१५

(राजकुमार श्रेष्ठ)

सहसचिव एवं प्रवक्ता



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np